# रावा बेसी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हरमटार, कुमिण्डे, खोटाङ

Website :rawabesimun.gov.np

E-mail :rawabesigaupalika@gmail.com

१ नं प्रदेश, नेपाल


पत्र संख्या :-२०७९/०८०
चलानि नं. ४९२

मिति:२०७९।०९।०१

विषयः लगत संकलनको काम पुनः सुचारु गरिएको जानकारी गराईएको सम्बन्धमा ।

श्री रावा बेसी गाउँपालिका
वडा कार्यालयहरु सबै ।

प्रस्तुत विषयमा राष्ट्रिय भूमि आयोग जिल्ला समिति खोटाङ को च.नं.२६ मिति २०७९।०८।२७ गतेको लगत संकलनको काम पुनः सूचारु गरिएको सम्बन्धमा विषयको प्राप्त पत्र, पत्रसाथ सम्लग्न राष्ट्रिय भूमि आयोग ताहाचल, काठमाण्डौंवाट मिति २०७९।०८।२७ गते प्रकाशित सूचना यसै पत्र साथ संलग्न राखि पठाईएको छ । प्राप्त पत्रको ब्यहोरा बमोजिम कार्य गर्नु गराउनु हुन जानकारीको लागि अनुरोध छ ।

2065/05/09

..............................
विनोद राई
नि. प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार

राष्ट्रिय भूमि आयोग

# जिल्ला समिति खोटाङ

पत्र संख्या:- ०७९/८०

चलानी नम्बर :- २६

दिक्तेल, खोटाङ, १ नम्बर प्रदेश

➢ nlc.khotang@gmail.com

मितिः-२०७९/०८/२७

<u>विषयः- लगत संकलनको काम पुनः सुचारु गरिएको सम्बन्धमा।</u>

**श्री दिक्तेल रुपाकोट मझुवागढी/ हलेसी तुवाचुङ नगरपालिका, खोटाङ।**

**श्री रावा बेसी/ ऐसेलुखर्क/केपिलासगढी/ साकेला/दिप्रुङ्ग चुइचुम्मा/खोटेहाङ/जन्तेढुङ्गा/बराहपोखरी गाउँपालिका, खोटाङ।**

उपरोक्त सम्बन्धमा खोटाङ जिल्लामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि स्थानीय तहबाट लगत संकलन गर्न आयोगबाट मिति २०७९/०५/०१ गतेको राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचनामा खोटाङ जिल्लाका दशै वटा स्थानीय तहको लागि निवेदन दिने सम्बन्धी ३५(पैंतिस) दिने सूचना प्रकाशन भइ लगत संकलनको काम भइरहेकोमा राष्ट्रिय भूमि आयोगको मिति २०७९/०६/०१ को सूचना बमोजिम अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरिएको लगत संकलनको काम आयोगको मिति २०७९/०८/२७ को सूचना अनुसार मिति २०७९/०८/२८ गतेदेखि तत् तत् सूचनामा बाँकी अवधि म्याद रहने गरी पुनः सुचारु गरिएको सूचना जानकारीको लागि अनुरोध छ। निवेदन संकलनको लागि तहाँ कार्यालयबाट आवश्यक व्यवस्था मिलाई सर्वसाधारणहरुमा सूचनाको प्रचारप्रसार गरिदिनुहुन प्रकाशित सूचनाको थान १(एक) यसै पत्र साथ पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

श्री प्रशासन/सूचना शाखा

सबै वडामा सूचीत गरी सूचना टाँस गर्नुहुन

२०७९/८/१

(मदन खत्री)

सदस्य सचिव

...बेसी गाउँपालिका हलेसीटार
...ण्डे, खोटाङ
२०७९.८.१.१

**नेपाल सरकार**

# राष्ट्रिय भूमि आयोग

**ताहाचल, काठमाडौं**

## अत्यन्त जरुरी सूचना !

**प्रकाशित मिति : २०७९।०८।२७ गते**

मिति २०७९।०६।०१ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार मिति २०७९।०४।३१ को बाँकी काम सम्पन्न गर्ने सम्बन्धी सूचना, मिति २०७९।०५।०१ को विभिन्न स्थानीय तहमा लगत संकलन सम्बन्धी प्रथम पटक प्रकाशित सूचना, मिति २०७९।०५।०२ को विभिन्न स्थानीय तहमा दोस्रो पटकका लागि लगत संकलन सम्बन्धी प्रकाशित सूचना र मिति २०७९।०५।२९ को विभिन्न स्थानीय तहमा लगत संकलन सम्बन्धी प्रथम पटकको लागि गोरखापत्र दैनिकमा प्रकाशित सूचनामा उल्लेखित कामहरू अतिरिक्त लगत संकलन, जग्गा नापजाँच, जग्गाको निस्सा तथा जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गर्ने कार्य मिति २०७९।०८।२८ गतेदेखि तत् तत् सूचनामा बाँकी अवधि म्याद रहने गरी पुनः सुचारु गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।